म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक ६८ | सोमबार, ३ कात्तिक २०८२ | ने. सं. ११४५ कौलागा | 20 October 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हार्दिक शुभकामना

२०८२ सालका शुभ दीपावली, नेपाल सम्वत्,
छठ पर्व तथा तुलसी विवाहसमेतको शुभ उपलक्ष्यमा
सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता, शुभेच्छुक र
बिक्रेताहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायूका
लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
*साथै, तिहार बिदाका कारण साझाकुराको अर्को अंक कातिक ९ गते प्रकाशित हुने जानकारी गराउँदछौं ।*
सरला खनाल (सम्पादक) एवम्
साझाकुरा राष्ट्रिय दैनिक, परिवार
हेटौंडा-१, चौकीटोल

# आज लक्ष्मीपूजा, घरघरमा भव्य दीपावली गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ नेपालीको दोस्रो ठूलो चाड तिहारको दोस्रो दिन आज साँझ ऐश्वर्य, धनधान्य र सम्पन्नताकी देवी लक्ष्मीमाताको पूजाआराधना गरी श्रद्धाभक्तिपूर्वक लक्ष्मीपूजा गरी मनाइँदैछ ।

सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने मान्यताकाआधारमा लक्ष्मीपूजाको दिन बिहानै घर सफासुग्घर र लिपपोत गरी साँझ दीपावली गरेर लक्ष्मीमातालाई आमन्त्रण गर्ने गरिन्छ । विशेषगरी घरआँगन, झ्यालढोका, चोटाकोठा, संघार, कौसी, अटाली, मटान, भन्याङलगायत स्थानमा सरसफाइ गरी साँझ दीपावली गरिन्छ ।

लक्ष्मीपूजा गरिने कात्तिक कृष्णऔंशीको रातलाई सुखरात्रि भनिन्छ । लक्ष्मीपूजाका लागि साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मीमाता स्थापना गरी पूजागर्ने चलन छ । कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबीरले लक्ष्मीमाताको पाइला बनाई लक्ष्मी आउने बाटो देखाइन्छ । पाइलैपिच्छे केराको सुल्लो अथवा माटाको पालामा दीप प्रज्वलन गरी झिलीमिली बनाइन्छ ।

दीपावली गरिसकेपछि पूजाकोठामा दियो, कलश र गणेश सहित लक्ष्मी स्थापना गरेर गर गहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीमाताको पूजा गर्ने चलन रहेको संस्कृतिविद् रामचन्द्र आचार्य 'फुर्सती' बताउँछन् । लक्ष्मीपूजापछि कन्याकेटी वा छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानी टीका लगाएर दानदक्षिणा दिने चलन रहेको फुर्सतीले जानकारी दिए । लक्ष्मीपूजाको दिन घर, पसल, व्यवसायिक प्रतिष्ठानमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास रहेको छ ।

लक्ष्मीपूजा सन्ध्याकालमा गरिन्छ । मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस्, लक्ष्मी र धनधान्यको आगमन होस्' भनी कामना गर्ने शास्त्रीय विधि रहेको संस्कृतिविद् फुर्सतीले जानकारी दिए । साँझ युवायुवतीहरु समूह बनाई घर-घरमा भैलो खेल्छन् । भगवान् विष्णुले यमपञ्चकको पाँचदिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने वरदान पाएका बलिराजाले भलो होस् भनी घरघरमा गाउन लगाएको सम्झनामा भैलो खेल्ने गरिएको मान्यता रही आएको छ ।

भैलो खेल्न आउनेलाई धान, चामल, फूलमाला, पैसा र सेलरोटी दिइन्छ । भैलो खेल्न आउनेलाई दिइने दान कात्तिकको दान भएकाले नदिएमा राम्रो नहुने र दिएमा पुण्य प्राप्त हुने धार्मिक मान्यता रहेको छ । लक्ष्मीपूजाका अवसरमा दीपावली गरी झिलीमिली बनाइन्छ ।

आज एकैदिन लक्ष्मी पूजा सहित कुकुर तिहार पनि परेको छ । आज बिहान हरेक घरमा कुकुरको विशेष पूजा गरिन्छ । मंगलबार कात्तिक कृष्ण औंसी महाकवी लक्ष्मी प्रसाद देवकोटाको जन्म जयन्ती मनाउँदै कात्तिक शुक्ल प्रतिपदा बुधबार गाई तथा गोरुको विशेष पूजा गरी तिहार मनाउने यस वर्षको पञ्चाङ्ग निर्णायक समितिको निर्णय रहेको छ । तिहार अन्तर्गत यमद्वितीया बिहीबारका दिन दाजुभाई दिदीबहिनी टीका कार्यक्रम रहेको छ । यस वर्षको टीकाको उत्तम साइत बिहान ११:२३ देखि १२:२४ सम्म अभिजित मुहूर्त र हेको र पश्चिम फर्केर टीका ग्रहण गर्नुपर्ने जनाइएको छ ।

# मकवानपुरमा राति ९ बजेसम्म मात्र देउसीभैलो खेल्न पाइने




साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ मकवानपुरमा यसवर्ष पनि राति ९ बजेसम्म मात्र देउसीभैलो खेल्न पाइने भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले आइतबार सूचना जारी गर्दै तिहारका अवसरमा राति ९ बजेसम्म मात्र देउसीभैलोलगायत सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्न अनुरोध गरेको हो ।

प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठद्वारा हस्ताक्षरित सूचनामा चाडपर्वका समयमा खुशीयाली मनाउँदा अन्य व्यक्ति, छिमेकी तथा समुदायलाई असर नपर्ने गरी मनाउन आग्रह गरिएको छ । सूचनामा पटाका, भूइँचम्पा, आतिशबाजी जस्ता प्रज्वलनशीलपदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य र सुरक्षामा असर पर्ने भएकाले ती पदार्थको भण्डारण, बिक्रीवितरण, ओसार पसार तथा प्रयोग नगर्न चेतावनी दिइएको छ । त्यस्तै, जुवा, तास, लङ्गुरबुर्जा खेल्ने-खेलाउने, सार्वजनिक स्थलमा मादकपदार्थ सेवन गरी होहल्ला वा झैझगडा गर्ने कार्य नगर्न समेत आग्रह गरिएको छ ।

प्रशासनले तिहार र छठ पर्वलाई शान्तिपूर्ण, सौहार्दपूर्ण र मर्यादित ढंगले मनाउन सबैलाई आह्वान गरेको छ । दियो बाल्दा वा विद्युतीय सजावट गर्दा आगलागीको जोखिम हुन सक्ने भएकाले सतर्क रहन सुझाव दिइएको छ । यस्तै, प्लास्टिकजन्य सामग्रीको उत्पादन, आयात, बिक्री तथा प्रयोग नगर्न अनुरोध गर्दै उल्लंघन गर्ने व्यक्तिलाई कानूनी कारबाही गरिने चेतावनी दिइएको छ ।

शान्तिसुरक्षामा प्रतिकूल असर पर्ने वा अनुशासन विपरीत गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा वा १०० नम्बरमा जानकारी दिन प्रशासनले सर्वसाधारणलाई आग्रह गरेको छ । प्रशासनले सबै नागरिकलाई धार्मिक आस्था, सामाजिक सद्भाव र सांस्कृतिक विविधताको सम्मान गर्दै मर्यादित र सुरक्षित तरिकाले पर्व मनाउन अनुरोध गरेको छ ।

# थाहामा जिल्लास्तरीय भलिबल प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ मकवानपुरको थाहा नगरपालिकामा जिल्लास्तरीय भलिबल प्रतियोगिता सुरु भएको छ । विनयबाबु बस्नेत स्मृति प्रतिष्ठान थाहा-२ को आयोजनामा आठौं संस्करणको प्रतियोगिता फाँटवजारमा सुरु भएको हो ।

खेलको वडा नं. २ का अध्यक्ष बमबहादुर सिन्तानले उद्घाटन गरेका हुन् । प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुखअतिथि सिन्तानले कुनैपनि खेलको आयोजनाले नगरको प्रवर्द्धनमा सहयोग पुग्नुका साथै राम्रा खेलाडी पहिचान हुने वताउँदै वडा न २ यस्ता कार्यक्रम गर्नका लागि सदैव सहयोग गर्न तयार रहेको बताएका छन् । कार्यक्रम आयोजना निरन्तरताको लागि संस्थाले अक्षयकोषको व्यवस्था गर्नुपर्ने वताउँदै खेलाडीलाई अनुशासित भई खेल सम्पन्न गर्न उनले अनुरोध गरे ।

१२ टिमको सहभागिता रहेको यप्रतियोगिता लिगकम नकआउटको आधारमा खेलाइने आयोजकले जानकारी दिएको छ । सशस्त्र प्रहरीमा सेवारत् विनयबाबु बस्नेतको दुर्घटनामा परी मृत्यू भएपछि उनको नाममा २०७४ सालबाट यो प्रतियोगिता सुरु गरिएको हो । र निङशिल्ड प्रतियोगितामा प्रथम हुनेले नगद ५५ हजार ५ सय ५५ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाउनेछन् । त्यस्तै दोस्रो हुने टिमले नगद २८ हजार ८ सय ८८ रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र तथा तेस्रो हुनेले ११ हजार १ सय ११ रुपैयाँ सहित शिल्ड मेडल तथा प्रमाणपत्र सहित बिधागत उत्कृष्ट खेलाडीले नगद सहित मेडल तथा प्रमाणपत्र पाउने प्रतिष्ठानले जनाएको छ ।

हार्दिक शुभकामना

२०८२ सालको शुभ दीपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा
सम्पूर्ण नगरबासी, वडाबासी, व्यवसायी मित्र,
सञ्चारकर्मी, कर्मचारीहरु लगायत शुभचिन्तक,
शुभेच्छुक एवम् समस्त देशवासीमा सुख, शान्ति
र समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सविन न्यौपाने
(१ नं. वडा अध्यक्ष/प्रवक्ता)
हेटौंडा उपमहानगरपालिका
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना

शुभ दिपावली, नेपाल सम्बत एवम्
छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक
तथा सहयोगी महानुभावहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सम्झौता सापकोटा
(प्रबन्ध निर्देशक) एवम्
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, परिवार



साझाकुरा

## हाम्रो कुरा

# तिहार शुभ रहोस्

हाम्रो घरआँगनमा तिहार आइसकेको छ । नेपाल संबत्, छठलगायत पर्वको माहोलमा रहेको अवस्थामा फागुन २१ को निर्वाचन पनि नजिकिँदै छ । नेपालीको महान चाड तिहार सुरु भएको छ । तिहार उज्यालोको चाड हो । तिहार फूलको चाड हो, फूल कोमलता र सौन्दर्यको प्रतीक हो । यसरी तिहार समग्रमा पारिवारिक-सामाजिक पुनर्मिलन, सद्भाव अभिवृद्धि, समुन्नत/समृद्ध भविष्यको कामनाको चाड पनि हो । परापूर्वकालदेखि हिन्दू धर्मावलम्बी नेपालीले तिहार मनाउँदै आएका छौँ । हिन्दु नेपालीको दोस्रो ठूलो चाड तिहार कात्तिक कृष्णत्रयोदशीदेखि कात्तिक शुक्लद्वितीयासम्म मनाइन्छ । तिहारमा पिङखेल्ने, दीपावली गर्ने, देउसी-भैलो खेल्दै सेलरोटी आदि मिष्ठान्न खाई रमाइलो गरी तिहार मनान्छ । कार्तिक कृष्णत्रयोदशीदेखि कार्तिक शुक्लद्वितीयासम्मका पाँचदिन मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ । यमपञ्चकमा यमराज पनि आफ्ना दैनिक काम स्थगित गरी बहिनी यमुनाकहाँ अतिथिकारुपमा बसेर भाइटीका ग्रहण गर्ने भएकाले यस पर्वलाई यमपञ्चक भनिएको हिन्दूशास्त्रमा उल्लेख । यमपञ्चकमा क्रमश: काग, कुकुर, गाई, लक्ष्मी, गोवर्धन र भाइपूजा गरिन्छ । हिन्दुको यो महान् चाड तिहारको व्यवहारिक, सांस्कृतिक, तथा मनोवैज्ञानिक महत्व छ । कसैले यो चाड माने पनि नमाने पनि, लक्ष्मीपूजा गरे पनि नगरे पनि, भाइटीका लगाए पनि नलगाए पनि, यो चाड पूर्णरुपमा वैज्ञानिक तथा मनोवैज्ञानिक जगमा खडा भएको कुरा चाहिँ सत्य हो ।

तिहार पारिवारिकरुपमा दिदीबहिनी र दाजुभाइको पुनर्मिलनको, सामाजिक सद्भाव अभिवृद्धिको चाड हो । दीपको उज्यालोमा धनकी देवीलक्ष्मीको पूजाआराधना हुन्छ । तिहारको देउसी-भैलो सामाजिक सद्भाव र पुनर्मिलनको प्रतीक हो । जेनजी आन्दोलनबाट बागमती प्रदेशसभा भवन क्षतिग्रस्त भएसँगै अवरुद्ध प्रदेशसभाको बैठक तिहारपछि सञ्चालन गर्ने तयारी थालिएको छ । प्रदेश सरकारले हेटौंडा उपमहानगर पालिका-२ स्थित मुख्यमन्त्री सभाहलमा बैठक राख्ने तयारी गरिएको हो । प्रदेशसभामा हाल चार विधेयक छलफलका क्रममा रहेका छन् । चिठ्ठा विधेयक दुई वर्षअघि प्रदेशसभामा दर्ता भएको थियो । यो अन्तिमचरणमा रहेको छ । प्रदेश चलचित्रसम्बन्धी बनेको विधेयक छलफलको चरणमा रहेको छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा बनेको विधेयक दर्ता भएको छ । जेनजी आन्दोलनका क्रममा आगजनी हुँदा १२ करोड रुपैयाँमा निर्मित नयाँ भवन र पुरानो हलसहितको भवन पूर्णरुपमा क्षति भएको छ । सहरी विकास तथा भवन कार्यालयले सभाहलको व्यवस्थापनको काम गरिरहेको छ । जलेका भाग हटाएर रंगरोगन गर्ने र अस्थायी प्रकृतिको व्यवस्थापनमा कार्यालयले काम गरिरहेको हो । अब बस्ने प्रदेशसभाको बैठकमा सभामुखको राजीनामा टुंग्याउने र नयाँ सभामुखको निर्वाचन प्रक्रियामा जाने तयारी छ ।

सभामुखका लागि कांग्रेस, एमाले र माओवादी केन्द्र तीनवटै दलले दाबी गरेका छन् । बागमती प्रदेशमा कांग्रेस-एमाले गठबन्धन सरकार भएपनि दुवै दलले सभामुखको दाबी गर्दा सहमति जुट्न सकेको छैन । कांग्रेसले प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकोले सभामुख पदमा आफ्नो दाबी स्वभाविक रहेको तर्क गरेको छ । यता, सत्ता साझेदार नेकपा एमालेले पनि सभामुख पदमा आफूले दाबी गर्ने निर्णय गरेको छ । एमालेले सरकारको नेतृत्व कांग्रेसले गरिरहेकोले उपसभामुख अप्सरा चापागाईंलाई सभामुख बनाएर अघि बढ्न सकिने प्रस्ताव प्रस्तुत गरेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) ले पनि सभामुख पदमा दाबी गरेको छ । माओवादी केन्द्रले सदनको निष्पक्ष सञ्चालनका लागि सरकार बाहिरको दललाई सभामुख दिनुपर्ने तर्कसहित दाबी गरेको हो । प्रदेशसभाको यो दोस्रो कार्यकाल हो । दीपावलीको उज्यालोले स्वत: उज्ज्वल भविष्यको कामना गर्छ । हाम्रो मुलुकको राजनीति सङ्लो बन्ने अपेक्षा युवापुस्तामा तीब्र बनेको छ । महान चाड तिहारले समस्त नेपालीमा सद्भाव र सहअस्तित्व अभिवृद्धि गराओस् । सबैको मन फूलजस्तै कोमल र सुन्दर बनोस्, राजनीति सुध्रियोस्, दीपावलीको दीपजस्तै उज्यालो बनोस्, मुलुकको समृद्धिको ढोका खुलोस् । तिहारको हार्दिक शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक ४ गते मंगलबार २१ अक्टोम्बर २०२५ । औंशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४५ ने.सं. । सूर्योदय ६:०८ सूर्यास्त ५:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा खराबी आउनेछ | तुला | : जग्गा जमिनबाट लाभ हुनेछ |
| वृष | : शुभ कामको संकेत मिल्नेछ | वृश्चिक | : सोचेभन्दा बढी खर्च हुनेछ |
| मिथुन | : शरीरमा केही आलश्य हुनेछ | धनु | : मित्रतामा कमी आउनेछ |
| कर्कट | : सफलता मिल्न गाह्रो छ | मकर | : कामको जिम्मेवारी बढ्नेछ |
| सिंह | : यात्राबाट नोक्सान हुनेछ | कुम्भ | : मनोरञ्जन प्राप्त हुनेछ |
| कन्या | : घाउचोट लाग्न सक्नेछ | मीन | : व्यापारबाट लाभ मिल्नेछ |

# राजनीतिक अस्थिरता र दलका नेताहरूको चरम सत्तालिप्सा



✍ लक्ष्मण पन्त

बितेका अनेकौं वर्ष र दशकहरूमा बारम्बार सरकार फेरिएर मुलुकले जुन अस्थिरता भोग्यो, त्यसको कारण कुनै पनि दलले निर्वाचनमा बहुमत नपाएर होइन । अस्थिरताको एक मात्र कारण थियो- दलका नेताहरूको चरम सत्तालिप्सा । दोस्रो, कार्यकारी राष्ट्रपति प्रणालीबाट अस्थिरताको अन्त हुने होइन । कार्यकारी राष्ट्रपति प्रणाली हाम्रोजस्तो मुलुकका लागि झन् घातक छ । किन ? यो लेख यिनै दुई विषयमा केन्द्रित छ । तलका उदाहरणहरूबाट यसको पुष्टि हुन्छ ।

भारतमा ०४७ देखि २०२६ सम्म ७९ वर्षको अवधिमा नेहरुदेखि मोदीसम्म १८ जना प्रधानमन्त्री भएका छन् । नेपालमा यस अवधिमा पृथक् पृथक् समयमा पाँच पटक त्रिभुवनदेखि ज्ञानेन्द्रसम्मका राजाहरुको प्रत्यक्ष शासन रहेकोबाहेक पदमशमशेरदेखि सुशीला कार्कीसम्म आउँदा ५० जना प्रधानमन्त्री र ५२ वटा सरकार बनेका छन् । 'एउटै प्रधानमन्त्री तर तीन वटा मन्त्रिमण्डल' को माओवादी केन्द्रले दर्ज गरेको रेकर्ड पनि यसमा सम्मिलित छ । सबैभन्दा बढी सरकारहरू सन् २००८ देखि २०२५ सम्मको १७ वर्षको गणतन्त्रकालमा फेरिएका छन् । यस अवधिमा १४ वटा सरकार बनेका छन् । सबैभन्दा बढी सरकार र गठबन्धनहरुको फेरबदल गर्ने दलमा माओवादीले पहिलो स्थान हासिल गरेको छ । २६ डिसेम्बर २०२२ देखि १५ जुलाई २०२४ सम्म लगभग १९ महिनामा तीनै पटक प्रधानमन्त्रीको पदमा एकजना पुष्पकमल दाहाल मात्र बसे पनि यस अवधिमा तीन पटक सरकारहरू बदलिएका छन् ।

०४६ साल देखि ०६२/६३ सम्म सत्ताको म्युजिकल चेयरमा पालैपालो कहिले कांग्रेस, कहिले एमाले त कहिले राप्रपा पुग्ने र चरम अस्थिरता सृजना हुने जुन रेकर्डहरू बनेका थिए, ती सबै रेकर्डहरू माओवादी केन्द्रको १९ महिने सरकारको कार्यकालमा तोडिएका छन् । अस्थिरताको सबैभन्दा ठुलो कारक माओवादी बन्न पुगेको देखिन्छ । जबकि जनताले गत निर्वाचनमा माओवादीलाई टाढाको तेस्रो स्थानमा पुर्‍याएर प्रतिपक्षमा बस्ने आदेश दिएका थिए ।

भारत र नेपाल समान संसदीय प्रणाली भएका गणतान्त्रिक मुलुक हुँदाहुँदै पनि भारतमा सरकारमा सङ्गति र स्थिरता किन छ ? किनकि त्यहाँका दलका नेताहरुमा अरू जेजस्तो भएपनि सत्ताबिना 'सास पनि फेर्न नसक्ने' नेपालका नेताहरू जस्तो घटिया चरित्र देखिएको छैन । गत वर्ष भारतमा सम्पन्न लोकसभा निर्वाचनको उदाहरणमार्फत यसलाई बुझ्न सकिन्छ । गत लोकसभाको निर्वाचनमा भाजपाले २४० सिट मात्र प्राप्त गर्‍यो । यो संख्या सरकार बनाउन चाहिने बहुमत भन्दा ३२ सिट कम थियो । त्यसैले भाजपाले एक्लै आफ्नो बलमा सरकार बनाउन सम्भव थिएन । भाजपा नेतृत्वको एन.डी.ए. गठबन्धनले २९३ स्थानमा चुनाव जितेको थियो जसका कारण भाजपा गठबन्धनको सरकार बन्न सम्भव भयो । कांग्रेस नेतृत्वको 'इन्डिया' गठबन्धनले २३४ स्थानमा जीत हासिल गरेको थियो । भाजपाले २३ करोड ६७ लाख (कुल मतको ३६ प्रतिशत) मत पाउँदा कांग्रेसले १३ करोड ६७ लाख (कुल खसेको मतको २१ प्रतिशत) मत प्राप्त गरेको थियो । जबकि हाम्रोमा एमालेले २८ लाख र कांग्रेसले २७ लाख मत पाउँदा विपक्षमा बस्नुपर्ने जनादेश पाएको माओवादी केन्द्रले जम्मा ११ लाख मत प्राप्त गरेको थियो (कुलमतको मात्र ११ प्रतिशत) । राहुल गान्धीहरूले तिकडमबाजी गरेर भाजपा गठबन्धनमा सामेल नीतिश कुमारको जनता दल, चन्द्राबाबु नायडुको तेलगुदेशम र शिवसेना जस्ता दलहरूलाई तोडेर २७२ को संख्या जुटाउन सक्थे । तर राहुल गान्धी र मल्लिकार्जुन खडगेले परिपक्व राजनीतिज्ञको परिचय दिँदै सबैभन्दा ठुलो दल भाजपालाई सरकार बनाउन मार्ग प्रशस्त गरी दिए । आज राहुल गान्धी विपक्षी नेताको हैसियतमा जनताका बिचमा पुगेर गम्भीरतापूर्वक पार्टीको जनधार विस्तार गर्ने काममा लागि रहेका छन् । उनीप्रति दिनप्रतिदिन समर्थन बढ्दै गएको देखिन्छ ।

माथिको एउटै उदाहरणबाट स्पष्ट हुन्छ कि नेपालमा केही महिनामा हुने सरकार परिवर्तन र अस्थिरता संसदीय व्यवस्थाका कारण वा एउटा पार्टीको बहुमत नभएका कारण होइन, नेताहरूको चरम सत्तालिप्साको परिणाम हो । यस्तो अस्थिरता कसैले पनि बहुमत नल्याएका कारणले होइन, बरु सत्ताबिना 'सास पनि फेर्न नसक्ने' दलका नेताहरूको चरित्रको परिणाम हो । यो अस्थिरताको एक मात्र कारण हो- सत्तामा पुगेर राज्यका साधनस्रोतहरुको दोहन गर्ने, भागबन्डा र असुलीमा लिप्त रहने नेताहरूको आतुरता ।

के जनताले पार्टीहरूलाई बहुमत नदिएका हुन त ? पटक्कै होइन । विगत २७ वर्षमा भएका ६ मध्ये तीन वटा निर्वाचनमा मतदाताले दुई पटक कांग्रेसलाई र एक पटक नेकपा नेकपा लाई बहुमतले जिताएका छन् । एउटा पार्टीको बहुमत नआउने स्थिति नभएका कारण अस्थिरता भएको तर्कलाई सन् १९९१, १९९९ र सन् २०१७ मा सम्पन्न आम निर्वाचनहरुले सीधै खारेज गरिदिएका छन् ।

सन् १९९१ को आम निर्वाचनमा नेपाली कांग्रेसले २०५ सदस्यीय प्रतिनिधि सभामा ११० सिट जितेको थियो । त्यसपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । तर केही महिनापछि गिरिजा र भट्टराई पक्षमा खटपट भयो । कांग्रेसभित्रको 'छत्तीसे गुट' ले बगावत गरेपछि कार्यकाल पूरा नहुँदै गिरिजाले राजीनामा दिए । त्यतिखेर पनि संख्याका कारण होइन, गिरिजा, भट्टराई र देउवाको सत्ता बिना 'सास पनि फेर्न नसक्ने' चरित्रका कारण तीन वर्ष नपुग्दै १९९४ मा आम निर्वाचन भएको थियो । ठुलो दलको हैसियतले एमालेले सरकार त बनायो तर ९ महिनामै सरकार गिराइयो । त्यसपछि शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइरालाले पालैपालो सत्ता दोहन गरे । १९९९ को आम निर्वाचनमा पनि कांग्रेसले २०५ मध्ये १११ सिटमा जीत हासिल गरेर बहुमत प्राप्त गर्न सफल भयो । तर गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई र शेरबहादुर देउवाबिचको कलहका कारण तीन वर्षमा तीन वटा सरकार बने । तीनैजनाले सत्ताको म्युजिकल चेयरमा पुगेर पालैपालो सत्ता भोग गरे । त्यसबेला पनि संख्याका कारण होइन, कांग्रेसका तीनजना शीर्ष नेताको सत्तालिप्साका कारण चरम अस्थिरता सृजना भएको थियो ।

सन् २०१७ को संसदीय निर्वाचनमा नेकपा (नेकपा) ले -एकता भन्दा पहिलेको एमाले र माओवादी) २७५ मध्ये १७४ सिट हासिल गरेको थियो तर नेताहरूको सत्तालिप्साका कारण बहुमत नजिकको कम्युनिस्ट सरकारले पनि आफ्नो कार्यकाल पूरा गर्न सकेन ।

माथिका उदाहरणहरूबाट स्पष्ट छ कि दल नेताहरूमा सत्तालिप्साको मानसिकताको अन्त नहुँदासम्म जस्तो सुकै प्रणाली आए पनि अस्थिरता अन्त हुन सक्तैन । यो यथार्थ 'पोस्ट-जेन्जी युग' का लागि पनि त्यत्तिकै सत्य हो ।

अब 'के राष्ट्रपतीय प्रणालीबाट अस्थिरताको अन्त हुन्छ' भन्ने सवालमा चर्चा गरौं । विगत केही समयदेखि मुलुकको अस्थिरता अन्त गर्न कार्यकारी राष्ट्रपति या प्रधानमन्त्री हुनुपर्छ भनेर जोडतोडसित प्रचार हुने गरेको छ । अझ केहीले त यो प्रस्ताव निकै क्रान्तिकारी भए जसरी प्रचार पनि गर्ने गरेका छन् कि मानौं कार्यकारी राष्ट्रपति प्रणाली भए स्थिरता आउँछ, सरकार पूरै पाँच वर्ष चल्छ, सुशासन कायम हुन्छ र मुलुकका सबै समस्या छुमन्तर हुन्छन् ।

यो विचार आफैमा अबोध विचार र हुँदै हो, हाम्रोजस्तो अत्यन्त संवेदनशील भूराजनीतिक अवस्था भएको मुलुकका लागि यस्तो सोच अत्यन्त घातक पनि छ । जेनजीले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको प्रस्ताव अगाडि सारेका छन् । यदि हामी कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीय प्रणालीमा गयौं भने सबैभन्दा खराब स्थिति यो हुन सक्नेछ कि मुलुक ढिलोचाँडो युक्रेनको बाटोमा जान सक्नेछ । अन्तर्राष्ट्रिय शक्तिहरूले आफ्नो 'चहेता' पात्रलाई राष्ट्रपतिका लागि अगाडि सार्नेछन् र उसलाई जिताउन धनबल र सामाजिक सञ्जालका बलदेखि अनेकौं हत्काण्डा प्रयोग हुनेछन् । त्यसका सङ्केतहरू देखिइसकेका छन् । अलि कम खराब स्थिति यो हुन सक्छ कि मुलुक श्रीलङ्कामा जस्तो महिन्दा राजपक्षेको कार्यकालको अवस्थामा जानेछ, जब श्रीलङ्कामा चरम भ्रष्टाचार थियो, त्यहाँको व्यापार-वाणिज्य, राजनीति, सेना-ब्युरोक्रेसी सबै राजपक्षे परिवारको कब्जामा थियो । प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको अभ्यास भएको श्रीलङ्कामा जयवर्धनेदेखि महिन्दा राजपक्षेसम्म आउँदा राष्ट्रपतिको हातमा असीमित अधिकारहरू केन्द्रित भए । राष्ट्रपति एउटा संस्थाका रूपमा निकै बदनाम हुन गयो । त्यसैले श्रीलङ्कामा हरेक दलहरूको चुनावी एजेन्डामा राष्ट्रपति प्रणालीको खारेजीको माग सामेल हुने गरेको छ । सत्ताधारी जे.भि.पी. ले आफ्नो चुनावी घोषणापत्रमा राष्ट्रपति प्रणालीको उन्मुलनको मुद्दा प्रमुख रुपले उठाएको थियो । जनताको भोटले चुनिएका राष्टपतिहरु कसरी तानाशाह बनेका छन् भन्ने अनेकौं ज्वलन्त उदाहरणहरू छन् जसमध्ये फिलिपिन्सका राष्ट्रपति मार्कोसले कसरी देशमा निरङ्कुश तरीकाले शासन गरेका थिए,हाम्रो स्मृतिमा अझै पनि ताजा छ ।

राष्ट्रपतिको हातमा असीमित अधिकार केन्द्रित हुने स्थितिको परिणाम हामीले हालैको समयमा अमेरिकामा पनि देखेका छौं । कमसेकम 'वेस्टमिन्स्ट्रियल संसदीय प्रणाली' मा एउटा सशक्त 'चेक एन्ड ब्यालेन्स'को व्यवस्था रहन्छ । प्रधानमन्त्रीले गलत गरेको अवस्थामा उसलाई संसदमा अविश्वासको प्रस्तावबाट हटाउन सकिन्छ । प्रधानमन्त्रीलाई नियन्त्रण गर्ने अधिकार राष्ट्रपति वा न्यायालयमा पनि रहेको हुन्छ । जेजस्ता कमीहरु रहेता पनि वेस्टमिन्स्ट्रीय संसदीय प्रणालीमा मुलुकको एकता र अखण्डता एउटा व्यक्तिको सनकमा नीलाम गर्ने अवस्था रहन्न । त्यहाँ अनेकौं विचारधाराका दलहरूले प्रतिस्पर्धा गर्दछन् । सशक्त प्रतिपक्ष रहन्छ जसले सत्ताधारी दललाई देशविरुद्ध कुनै कदम चालेको खण्डमा रोक्दछ । नेपालजस्तो मुलुकका लागि यो प्रणालीको विकल्प खोज्नु हानिकारक हुन सक्छ । नेपालका लागि स्थिरताको नाममा जनताको भोटबाट निर्वाचित हिटलर वा मुसोलिनी वा अर्को फर्निन्डाड मार्कोस चाहिएको छैन ।

*(साभार: रातोपाटी)*

# अबको राष्ट्रिय प्राथमिकता: कृषि रूपान्तरण, आत्मनिर्भरता र समृद्धि

✍ दिनेश पाण्डे

नेपालको अर्थतन्त्र, रोजगारी र ग्रामीण जीवनको मेरुदण्ड नै कृषि हो, तर यो क्षेत्र अहिले गम्भीर मोडमा पुगेको छ । कुल जनसंख्याको ६५ प्रतिशतभन्दा बढी नागरिक यस क्षेत्रमा संलग्न हुँदा पनि राष्ट्रिय आम्दानीमा यसको योगदान २४ प्रतिशतभन्दा कम छ । किसानको पसिना बढ्दो, लागत बढ्दो, तर प्रतिफल घट्दो छ र किसान निराश बन्दै गएका छन् । उदाहरणका लागि, सरकारले रासायनिक मलमा ठूलो धनराशि अनुदानका रूपमा खर्च गरेको छ, तर उत्पादनमा उल्लेखनीय वृद्धि देखिदैन । खेतीयोग्य भूमि बाँझो बन्दै गएको र युवाहरू वैदेशिक रोजगारीतर्फ पलायन भइरहेका छन् । अर्कोतर्फ जलवायु परिवर्तनले थप चुनौती दिएको छ । असामयिक वर्षा, लामो खडेरी, नयाँ रोग-कीराका कारण किसानले हरेक वर्ष उत्पादनमा १०-२० प्रतिशत नोक्सानी भोगिरहेका छन् ।

आन्तरिक समस्याका अलावा बदलिंदो वैश्विक भू-राजनीति र क्षेत्रीय शक्ति-प्रतिस्पर्धाले पनि कृषि क्षेत्रलाई प्रभावित पारेको छ । भारतले आफ्ना किसानलाई भारी सहुलियत दिन्छ, चीनमा उत्पादन लागत निकै कम छ । यस्तो अवस्थामा नेपाली उत्पादन बजारमै प्रतिस्पर्धा गर्न मुस्किल भएको छ । निर्बाध रूपमा भारतबाट आएका तरकारी र अन्नले स्वदेशी उत्पादन तथा बिक्रीमा ह्रास आएको छ । स्वास्थ्यको दृष्टिकोणले पनि यसले मानवीय स्वास्थ्यमा समस्या उत्पन्न गरेको छ । नेपालको संविधान २०७२ जारीसँगै देश संघीय शासनतर्फ प्रवेश गर्‍यो, तर यस व्यवस्थामा आवश्यक तालमेल अझै छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका धेरै कर्मचारी प्रदेश र स्थानीय तहमा जान इच्छुक नभएकाले संघीय तहमा भीड, तर प्रदेश र स्थानीय तहमा जनशक्ति अभाव देखिएको छ ।

संघीय निजामती सेवा ऐन संशोधन नहुँदा प्रदेश र स्थानीय सरकारलाई आफ्नै रूपमा कर्मचारी भर्ना गर्ने अधिकार छैन । राजनीतिक दलहरूले उत्पादनमुखी अर्थतन्त्रभन्दा आयातमुखी सोचलाई प्राथमिकता दिन थालेका छन् । परिणामस्वरूप, कृषि क्षेत्रलाई राष्ट्रिय विकासको आधारका रूपमा होइन, केवल आर्थिक बोझका रूपमा हेर्ने प्रवृत्ति बढेको छ । हामीकहाँ परम्परागत शासन शैली, कमजोर संस्थागत संरचना, दक्ष जनशक्ति अभाव, क्षेत्रीय भू-रणनीतिक दबाब र राजनीतिक नेतृत्वको उदासीनताले कृषि नीतिहरूलाई प्रभावकारी रूपमा लागू गर्न सकेको छैन । पछिल्ला दशकहरूमा कृषि सम्बन्धी धेरै अध्याय र दस्तावेजहरू प्रकाशित भए पनि ती प्राय: विज्ञान र प्राविधिक पक्षमा सीमित रहेह तर नीति, कानून, संस्थागत क्षमता र राजनीतिक अवरोध जस्ता संरचनागत विषयहरूलाई आवश्यक प्राथमिकता दिइएन । त्यसैले दीर्घकालीन समस्याहरू यथावत् छन् र सतही सुधार पर्याप्त छैन ।

नेपालको कृषि क्षेत्रको उज्ज्वल भविष्यका लागि अब समग्र दृष्टिकोण, प्रणालीगत सोच र तथ्यमा आधारित राष्ट्रिय बहस शुरु गर्नु अपरिहार्य भइसकेको छ । सामान्य सुधारले अब काम चल्दैन, नेपाललाई पूर्ण कृषि रूपान्तरण चाहिन्छ । अब हामीले निर्णय गर्नुपर्छ, कृषि अझै पनि केवल बाँकी विकल्पका रूपमा रहिरहने कि हाम्रो राष्ट्रिय विकासको मेरुदण्ड बन्ने ? कृषिका यी अनेक चुनौतीको समाधानमा केन्द्रित रहेर तयार गरिएको पुस्तक 'एग्रिकल्चर सेक्टर ट्रान्सफर्मेसन इन नेपाल' हालै विश्वप्रसिद्ध प्रकाशन गृह स्प्रिङ्गर नेचर मार्फत विश्वव्यापी रूपमा प्रकाशित भएको छ । पुस्तकका सम्पादकहरू डा. दिनेश पाण्डे, डा. विष्णुराज उप्रेती, डा. प्रभात खनाल र डा. जगदीश तिम्सिना हुन् ।

यस पुस्तकले विगतका नीतिहरूको असफलतादेखि भविष्यमा खोजिनुपर्ने बाटोसम्मको विस्तृत खाका प्रस्तुत गरेको छ । झण्डै डेढ वर्षको अध्ययन, छलफल र सहकार्यपछि तयार भएको यस पुस्तकमा ६१ जना लेखक, ३७ जना समीक्षक र दर्जनौं किसान तथा कृषि विज्ञका विचारहरू संकलित छन् । पुस्तकका २४ अध्याय वैज्ञानिक प्रमाण र नीति-आधारित रणनीतिमा आधारित छन्ह जसले शिक्षा, अनुसन्धान, शासन, उत्पादन प्रणाली र बजार सुधारका विषयहरूलाई समेटेको छ । यो पुस्तक मुख्यतया चार खण्डमा प्रस्तुत छ- पहिलो, नीति र सुशासन, जसमा विगतका नीतिहरू किन असफल भए भन्ने विश्लेषण गर्दै नयाँ 'छाता नीति' (अर्थात् एउटै व्यापक नीति जसले विभिन्न साना नीति वा कार्यक्रमहरूलाई समेटेर समन्वय गर्छ) को आवश्यकता औंल्याइएको छह दोस्रो, शिक्षा, अनुसन्धान र विस्तार, जसमा विश्वविद्यालयमा कृषि उद्यम केन्द्र स्थापना, डिजिटल कृषि विस्तार र बजारमुखी पाठ्यक्रमको खाँचो उल्लेख गरिएको छ तेस्रो, बाली-विशेष रणनीति, जसमा तरकारी, फलफूल, दुग्ध, माछा, रबर जस्ता क्षेत्रलाई व्यावसायिक र निर्यातमुखी बनाउन सकिने योजना प्रस्तुत गरिएको छह र चौथो, कृषि-खाद्य (खेतदेखि थालसम्म) प्रणाली, जसमा उच्च मूल्यका उत्पादनहरू (कफी, चिया, जडीबुटी) लाई प्रमाणीकरण र पहिचानयोग्य बनाएर अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने रणनीति समेटिएको छ ।

हामीले देखेअनुसार, नेपालको कृषि रूपान्तरणका लागि चार आधारभूत स्तम्भ अपरिहार्य छन् । पहिलो, राज्य, जसले स्पष्ट नीति, जवाफदेही संस्था र सुशासनलाई सुनिश्चित गर्नुपर्छ । दोस्रो, समाज, जसले किसानलाई सम्मान गर्ने संस्कार विकास गर्नुका साथै स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिनुपर्छ । तेस्रो, किसान, जसलाई गुणस्तरीय मल-बीउ, बीमा, सस्तो ऋण र बजारमा सहज पहुँच प्राप्त हुनुपर्छ । चौथो, निजी क्षेत्र, जसले निष्पक्ष बजार प्रवर्धन गर्दै लगानी र अनुसन्धानमा सक्रिय भूमिका खेल्नुपर्छ । यी चारै स्तम्भ बलियो नभएसम्म कृषि क्षेत्रको रूपान्तरण सम्भव छैन ।

हाम्रो बुझाइका केही व्यावहारिक दृष्टान्तहरू पनि छन् । जस्तै, हाल नेपालमा दैनिक करिब २० लाख लिटर दूध उत्पादन हुन्छ, तर माग अझै बढी छ । पशु चारा, नश्ल सुधार र बजार प्रबन्धनलाई सुदृढ बनाउन सकियो भने दुग्ध क्षेत्रमा क्रान्ति सम्भव छ । यसैगरी युवाको भविष्य कृषिमै सुरक्षित गर्न सकिन्छ, तर उनीहरूलाई उद्यमशीलतामा आकर्षित गर्ने नीति आवश्यक छ । माटो-पानी-मल व्यवस्थापनका लागि पाँच कदम आवश्यक छन्, पहिलो, आपूर्ति शृंखला बलियो बनाउने, दोस्रो, बाली-विशेष सिफारिश गर्ने, तेस्रो, सन्तुलित मल प्रयोग प्रवर्धन गर्ने, चौथो, प्रविधि-मैत्री प्रणाली ल्याउने, पाँचौं, माटो उर्वरता दीर्घकालीन रूपमा सुरक्षित गर्ने । त्यस्तै, महिलाको भूमिसम्मको पहुँच, वित्तीय स्रोत, सीप र जानकारीमा समान अवसर दिन सकियो भने उनीहरूको उत्पादन क्षमता बढ्छ । सामाजिक सुरक्षा कार्यक्रम (नगद सहयोग, बीमा, सार्वजनिक रोजगार) प्रभावकारी बनाउन सकियो भने किसान परिवारको आम्दानी बढ्छ, क्रयशक्ति बलियो हुन्छ र पौष्टिक आहारमा पहुँच सहज हुन्छ ।

यी सबै सुधारलाई संस्थागत गर्न सरकारले तत्कालै उच्चस्तरीय कृषि पुनर्संरचना समिति गठन गर्नुपर्छ । यसमा विज्ञ, निजी क्षेत्र, अनुसन्धानकर्ता र किसान प्रतिनिधि सहभागी भई ठोस कार्यान्वयन योजना बनाउनुपर्नेछ । कृषि क्षेत्रको रूपान्तरण अब विलम्ब गर्न मिल्ने विषय होइन । यो आवश्यकता मात्र नभई राष्ट्रको प्राथमिकता हो । राज्य, समाज, किसान र निजी क्षेत्रको सहकार्यले मात्र यो सम्भव छ । यसरी कृषि अब केवल खाना उत्पादनमा सीमित आत्मनिर्भरता हासिल गर्ने माध्यमका रूपमा मात्र होइन, समग्र ग्रामीण विकास, वातावरणीय संरक्षण र दिगो भविष्य निर्माणसँग जोडिएको छ । कृषि रूपान्तरण भन्नाले केवल उत्पादन वृद्धि मात्र होइन, कार्यक्षमता, दिगोपन र सहनशीलता बढाउनु हो ।

आधुनिक कृषि प्रविधि, डिजिटल प्रविधि र जलवायु-मैत्री अभ्यासहरूको समावेशले कृषि प्रणालीलाई अझ उत्पादनमुखी र दिगो बनाउन महत्त्वपूर्ण योगदान दिन्छ । साथै साना किसानलाई सशक्त बनाउने, कृषिउद्यम प्रवर्धन गर्ने, बजार तथा वित्तीय सेवामा पहुँच सुनिश्चित गर्ने कार्यहरू पनि कृषि रूपान्तरणका आधारभूत अंग हुन् । किसान दाजुभाइ-दिदीबहिनीसँग आग्रह छ, अब खेतीलाई केवल आत्मनिर्भरता हासिल गर्ने साधनका रूपमा मात्र होइन, व्यवसाय र उद्यमका रूपमा लिनुहोस् । यही बाटोले नेपालको कृषि भविष्यलाई समृद्ध बनाउन सक्छ । सरकार तथा सरोकार भएका निकायहरूले पनि अब ढिला नगरी आँखा खोल्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# सिंहदरबारमा घाइते जेनजीका आक्रोश: सरकार हाम्रो हो जस्तो लागेन



काठमाडौं/घाइते जेनजीहरू आइतबार दिउँसो एक बजे सिंहदरबार छिर्ने तरखरमा थिए । करिब २५ जनाको समूह भित्र जाने पास कुर्दै थियो । कतिपय भने अगाडि नै नाम आएकाले छिर्न भ्याइहाले । कतिपय बाहिर अड्किए । केही सदस्य त्यहीँ थर्पिंदै थिए ।

सिंहदरबार गेटमा भेटिएका थिए- अम्बादत्त भट्ट । बैतडीका उनी भदौ २४ गते जेनजी आन्दोलनका क्रममा घाइते भएका रहेछन् । उनकाअनुसार बानेश्वरमा भदौ २३ गते राज्यतर्फबाट चलेको गोलीको घाइतेको लागि आवश्यक रगत उपलब्ध गराउने क्रममा उनी घाइते बने । 'त्यो दिन जताजतै रगत अभाव भइरहेको भन्ने सुनें । अनि बानेश्वरमा संकलन भइरहेको रहेछ । त्यहीबेला रगत दिन लाग्दा ममाथि लाठ्ठीचार्ज भयो । टाउको फुट्यो,' उनले भने ।

आन्दोलनका यी घाइते आइतबार दिउँसो सिंहदरबार गेटमै भेटिए । उनीसँगै अन्य पाँचजना सदस्य पनि थिए । एकजना बोलेपछि अरु नबोल्ने भन्दै पन्छिए । भट्टले नै ती पाँचजनाको प्रतिनिधित्व गर्दै भने, 'आज प्रधानमन्त्रीलाई भेटेर कुरा गर्ने हो । हामीलाई अब प्रत्यक्ष कार्यकारी चाहियो । नौ वर्षमा दशवटा सरकार झेल्नुभन्दा एउटा कार्यकारी निर्वाचित आएपछि स्थायित्व हुन्छ । देशले गति लिन्छ ।'

यसरी अन्तरिम सरकारले पाएको म्यान्डेटभन्दा फरक किसिमको मुद्धा बोकेर सिंहदरबार छिर्न खोजेका भट्ट आफ्ना माग पुरा नभए नछाड्ने 'मुड'मा देखिन्छन् । 'यसै भएन, उसै भएन । यो सरकारले सुनेन भने फेरि आन्दोलन गर्ने हो' भन्दै आफ्नो आक्रोश पोख्छन् ।

भित्रबाट पास आएपछि ती पाका उमेरका घाइते सिंहदरबार भित्र प्रवेश गर्छन् । उनीसँगै भित्र छिर्दा गेटभन्दा केही अगाडि जम्मा भएर बसिरहेका थिए, अरु जेनजी घाइते । सबै पालैपालो भित्र छिर्दै त्यहाँ भेला भइरहेका थिए । उनीहरुको तयारी थियो, प्रधानमन्त्रीसामू आफ्ना कुरा राख्ने । तर, त्यहाँ भेला भएकाहरुसँग अनौपचारिक कुरा गर्दा उनीहरुमा त्यहाँ गएर के कुरा गर्ने स्पष्टता थिएन । घाइतेहरु एकमत सुनिएनन् । बरु आ-आफ्ना सुरमा विभिन्न मागहरु सुनाउँदै थिए ।

'हाम्रो अंगभंग भएको छ, कसले सुनिदिन्छ हामीलाई ? जेनजीले बनाएको भनेको यो सरकारले त सुनेन,' वैशाखी टेक्दै हिँडिरहेका एकजना बोले । औपचारिक कुरा गर्न खोज्दा भने उनले मानेनन् । मिडियामा आफूहरु अहिले नै नबोल्ने, जे बोल्नुपर्छ भित्र गएर (प्रधानमन्त्री कार्यालय) बोल्ने उनीहरुको भनाइ थियो । ती घाइतेहरु भेला भएकै ठाउँमा गृह मन्त्रालयका हेल्प डेक्समा रहेका जुनल गदालसहित दुईजना आइपुगे । हेल्प डेक्समा रहेका उनीहरुले जेनजीहरुसँग समन्वय गरिरहेका थिए । 'जेनजी घाइतेहरुका कुरा त असरल्ल सुनिन्छ त ! कसरी व्यवस्थापन गर्नुहुन्छ ?,' संचारकर्मीको प्रश्नमा जुनलले भने, 'के गर्नु यस्तै छ । तर, हामीले फेरि यहाँ कसैले छुटाउनु पनि भएन । धेरैजना हुनुहुन्छ, व्यवस्थापन गर्नैपर्‍यो ।'

यसरी ती घाइतेलाई प्रधानमन्त्रीसँग भेटाउन समन्वय गरिरहेका जुनललगायत हेल्प डेस्कमा कार्यरतलाई नै घाइतेले विभिन्न प्रश्न गर्न थाले । यतिसम्म कि, अहिले बनेको अन्तरिम सरकार आफ्नो नरहेको बताए । 'हामी जेनजीले बनाएको हैन यो सरकार' भन्दै उनीहरु आक्रोशित बने । उत्तेजित घाइते जेनजीलाई सम्झाइबुझाइ गर्दैथिए हेल्प डेस्कका जुनलसहितको टिम । तर, केही घाइते उनीहरुसँगै खनिए । 'तपाईंहरु को हो ?' भन्ने प्रश्न आउन थालेपछि आफू जेनजीसँग समन्वय गर्न बनेको हेल्प डेक्समा कार्यरत व्यक्ति रहेको जवाफ उनीहरुले फर्काए । आक्रोशमा रहेका जेनजी किन रोकिन्थे ? थप प्रश्न गर्न थाले - तपाईंहरुलाई कसले नियुक्ति गऱ्यो ?

जेनजी आन्दोलनको पृष्ठभूमिको जगमा बनेको सरकारका एउटा प्रतिनिधिको हिसाबले पनि 'जेनजीले नियुक्त गरे' भन्न उनीहरु बाध्य थिए । ती घाइतेलाई यस्तो जवाफले चित्त बुझेन । बरु आफूहरु वास्तविक जेनजी भएकाले यो सरकार आफूले नबनाएको र यसरी कसैले नियुक्त गर्न नतोकेको जवाफ उनीहरुले दिए ।

'को जेनजीले नियुक्ति गऱ्यो ?,' वरपर रहेकाप्रति औँला देखाउँदै कोही एकजना बोले, 'तपाईंले हो ? तपाईंले हो ? (घाउ देखाउँदै...) यी हामी घाइते जेनजी त यहीँ छौँ । कसैले नियुक्ति गर्न भनेका पनि हैनौँ ।' त्यसबीचमै अर्का एकजना बोल्छन् - हो भन्या ! हामीले यो सरकार बनाएकै होइन । यहाँ घुसपैठ भयो ।

यस्ता भनाभन र अलमल त्यहाँ निकैबेर देखिन्छ । जसलाई माग सुनाउनुपर्ने हो, त्यहाँ जानेतर्फभन्दा असम्बन्धित मान्छेलाई उनको जिम्मेवारीभन्दा पर रहेका मागहरु सुनाएर भनाभन गरिरहेको दृश्य त्यहाँ देखियो । करिब आधा घण्टा ती घाइते शहीद त्यहीँ अलमलिन्छन् । घाइते जेनजीहरुको यस्तो तरिकाले हेल्प डेस्कका व्यक्ति अक्क न बक्क बने । तर, जिम्मेवारीका कारण पनि महोल शान्त बनाएर कुरा बुझाउनु नै थियो । उनीहरुले त्यसै गरे ।

अन्तत: भित्र छिरेका घाइतेका नाम र अनुहार रुजु गरेर पुन: सम्हालिएर प्रधानमन्त्री कार्यालय तर्फ लाग्यो त्यो समूह । यो समूहमा नेतृत्व यो हो भन्ने स्पष्ट थिएन । उनीहरुकाअनुसार त्यहाँ उपस्थित सबै घाइते यसको नेतृत्वकर्ता हुन् । यद्यपि, त्यहाँ भएकामध्ये सुरेन्द्रजंग थापा अलि हर्ताकर्ता जसरी प्रस्तुत भइरहेका थिए । आजका माग के-के हुन् भन्ने संचारकर्मीको प्रश्नमा थापाको जवाफ थियो - 'असली जेनजी सबै अस्पतालको शैयामा हुँदा यहाँ सरकारमै घुसपैठ भयो । अब घाइतेहरु एकजुट हुने हो । हाम्रा माग सम्बोधन गराएरै छाड्ने हो ।'

सम्बोधन हुनुपर्ने मागहरु चाहिँ के-के हुन् त ? प्रतिप्रश्नमा उनको जवाफ थियो, 'अब घाइतेहरुको सेवासुविधादेखि संविधान नयाँ बनाउनेसम्मका कुरा छन् । अहिले त्यहाँ गएर सल्लाह गर्छौं, अनि भनौँला ।' त्यही लहरोमा भेटिएका थिए, अशोक राई, जो २४ भदौको आन्दोलनमा घाइते भएका थिए । उनका खुट्टामा ब्यान्डेज देख्न सकिन्थ्यो । 'मेरो मागचाहिँ अब हाम्रो जीवनरक्षा हुनुपऱ्यो । खै, यत्रो दिन भइसक्यो, यो सरकारले हामीलाई हेरेन । यो सरकार हाम्रो हो जस्तो नै लागेन । हाम्रै सरकार भए, आफ्नै सिंहदरबार छिर्न यत्रो सोर्सफोर्स लगाउनुपर्छ ?,' राईको प्रश्न थियो ।

यसरी हल्लखल्ल गर्दै हिंडेका घाइते जेनजी केहीबेरमा प्रधानमन्त्री कार्यालय अगाडि पुगे । हिँड्न नसक्ने, वा वैशाखीको साहारामा रहेका कतिलाई हेल्प डेक्सका कर्मचारीले स्कुटरमा ओसारे । र, कार्यालयबाहिर प्रधानमन्त्री कुरेर बसे । प्रधानमन्त्री आउन समय लाग्ने देखिएपछि घाइते जेनजीलाई आफूहरुले तयारी नगरेको हेक्का हुन्छ । समूहमा रहेका रुबिन खड्का भन्छन्, 'अब हामी भित्र जाँदा आफूआफैँ बाझिएर बस्नु हुँदैन । एउटै खालका कुरा गर्नुपर्छ । लफडा गर्नुहुँदैन । सबै शान्त हुनुपर्छ है ।'

त्यसपछि अर्कीले भने- अब भित्र के-कस्तो कुरा गर्ने हो गर्न चाहिँ ? कसैले भिडबाट जवाफ दियो - एकजनाले ब्रिफिङ गर्नुपऱ्यो । भित्र जाँदा हामी एक भएनौँ भने बर्बाद हुन्छ । त्यसपछि रुबिन खड्काले आफूहरुले गत असोज ५ गते प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा के-कति प्रगति भयो भनेर सोध्ने तयारी रहेको बताए । उनकाअनुसार त्यसबेला बुझाइएको ज्ञापनपत्रमा घाइते र शहीद परिवारको उचित सम्बोधनको माग राखिएको थियो ।

अन्य संवैधानिक विषयमा पनि त्यसमा समेटिएका थिए, जसलाई लिएर अल्टिमेटम दिने र पुन: आफ्ना मागबारे स्मरण गराउने योजना उनले सुनाए । यदि प्रधानमन्त्रीले आफ्ना मागमा राखिएका विषयमा के-कति प्रगति भए भन्ने जानकारी नदिए सूचनाको हकसम्म प्रयोग गर्ने योजना त्यहाँ बुनिन्छन् ।

'हामीले मागेका कुरा पाएनौँ, के-कति काम यसबीचमा सरकारले गऱ्यो भन्ने कुरा सहजै नपाए सूचनाको हक प्रयोग गर्नुपर्छ,' रुबिनले भने । त्यसपछि अर्का एकजना बोल्छन्, र आफूहरुको मागबारे भिडलाई सुनाउँछन् । उनकाअनुसार यो समूहको मुख्यगरी पाँचवटा माग राखिएको छ । यसअघि नै बुझाइएको ज्ञापनपत्रमा उल्लेख भएको घाइते परिवारको उचित सम्बोधनबाहेक अन्य पाँच माग ती घाइतेले सुनाए ।

भदौ २३ र २४ को गोलीप्रहारको तत्काल न्यायीक कारबाही गर्नुपर्छ । यसको लागि सरकारले तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र जिल्ला प्रशासन अधिकारी विरुद्ध आपराधिक मुद्धा दर्ता र अन्तरिम पक्राउ गरिनुपर्ने उनीहरुको माग छ ।

त्यस्तै, 'संवैधानिक सुधार तथा जनमत संग्रह' सम्बन्धित माग पनि उनीहरुको छ । यसमा अहिलेको सरकारले तत्काल अन्तरिम संविधान जारी गरेर जनमत संग्रह आयोजना गर्नुपर्ने उनीहरुको तर्क छ । प्रधानमन्त्रीले अन्तरिम संविधानको मस्यौदा तयार गरि जनमत संग्रहको लागि आवश्यक प्रशासनिक तथा वित्तीय व्यवस्था मिलाउनुपर्ने उनीको भनाई छ ।

यसबाहेक जेनजी आन्दोलनको संरक्षण र कानूनी सुरक्षा गरि आन्दोलनलाई वैधानिकता प्रदान गर्ने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता तथा सम्पत्ति छानबिन हुनुपर्ने र संवैधानिक अंगमा स्वच्छ नियुक्ति र विदेशी हस्तक्षेप रोक्नुनपर्ने माग प्रधानमन्त्रीसामू राख्ने पनि उनीहरुको योजना थियो ।

यस्ता माग पुरा गर्न उनीहरुले सरकारलाई पाँच दिनको समय दिएका छन् । त्यसभित्र माग पुरा नभए आन्दोलनका अन्य कार्यक्रम घोषणा गर्ने योजना उनीहरुको थियो । तर, यो रिपोर्ट तयार गर्ने समयसम्म ती घाइते शहीदले प्रधानमन्त्रीलाई भेट्न पाएका छन् । जेनजी घाइते सुरेन्द्रजंगकाअनुसार उनीहरुलाई अहिले प्रधानमन्त्री कार्यालयको 'वेटिङ रुम'मा राखिएको छ । 'हामीले अहिलेसम्म प्रधानमन्त्री भेट्न पाएका छैनौँ । दिउँसोसम्म आउँछु भन्नुभएको थियो, तर किन आउनु भएन बुझेको छैन । तर, हामी छोड्दैनौँ । आउनुभएन भने यहीँ धर्ना दिन्छौँ,' उनले भने ।

(स्रोत: अनलाइनखबर)

# साइमन योञ्जन कपको उपाधि जापान थर्ड आईलाई




साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ गतवर्ष सिस्नेरी पहिरोमा निधन भएका एन्फा एकेडेमीका खेलाडी साइमन योञ्जनको स्मृतिमा आयोजित साइमन योञ्जन कप फुटसल प्रतियोगिताको उपाधि जापान थर्ड आईले जितेको छ ।

आईतबार सम्पन्न फाइनल खेलमा जापान थर्ड आईले फुटसल फ्याम्स चितवनलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले पराजित गर्दै उपाधि हात जितेको हो । निर्धारित समयमा दुबै टिम १-१ गोलको बराबरीमा रोकिएपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो । उपाधिसँगै जापान थर्ड आईले १ लाख रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । दोस्रो स्थान हासिल गरेको फुटसल फ्याम्स चितवनले ५० हजार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो । असोज ३१ गतेदेखि सुरु भएको प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगिता मकवानपुर गढी गाउँपालिकाको मुख्य आर्थिक सहयोगमा र खेलकुद विकास समितिको आयोजनामा मकवानपुर गढी-३ स्थित मिनी फुटसल मैदानमा सम्पन्न भएको हो । समापन समारोहमा वडा नं. २ का अध्यक्ष बखानसिं पाखिन प्रमुखअतिथि रहेका थिए भने खेलकुद विकास समिति अध्यक्ष हीराबाबु स्याङ्तानको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । प्रतियोगिता विक्रम योञ्जनको संयोजकत्वमा सञ्चालन गरिएको हो ।

# 'वरिष्ठ बलराम'बारे के भन्छन् दयाहाङ र विजय ?

काठमाडौं/अभिनेता द्वय दयाहाङ राई र विजय बरालले धेरै फिल्ममा सहकार्य गरिसकेका छन् । त्यसमध्ये 'कबड्डी' श्रृंखलामा उनीहरूको केमेस्ट्री निकै रूचाइयो । प्राय: फिल्ममा साथीको भूमिकामा देखिएका उनीहरू नयाँ फिल्म 'वरिष्ठ बलराम'मा भने प्रतिद्वन्द्वीको रूपमा प्रस्तुत भएका छन् । यसमा दयाहाङले ठेकेदारको भूमिकामा निभाएका छन् भने उनलाई चुनौती दिने पात्रमा विजय छन् ।

यो फिल्ममा दयाहाङको गेटअप भिन्न देखिन्छ । प्राय: फिल्ममा गाउँले र दु:खी चरित्रमा देखिने उनी यसमा शहरिया धनी पात्रको भूमिकामा छन् । यसैले फिल्ममा उनले कोट(पाइन्ट बढी लगाएका छन्, जुन ट्रेलरमा पनि देखिन्छ । उनी 'वरिष्ठ बलराम'मा दर्शकले आफ्नो गेटअपमा फरकपन पाउने बताउँछन् । सुरूमा फिल्मको स्क्रिप्ट पढ्दा भने उनले यस्तो गेटअप सोचेका थिएनन् ।

दयाहाङ भन्छन्, 'पहिलो पटक स्क्रिप्ट पढ्दा मैले यस्तो गेटअप कल्पना गरेको थिइनँ । निर्देशकले



सुट र टाइमा ठाँटिएर हिँड्ने क्यारेक्टर हो भनेपछि त्यसमा म पनि तयार भएँ । भित्री पक्ष अर्कै भए पनि बाहिर 'म वरिष्ठ हुँ' भनेर आडम्बर देखाउने पात्र भएकाले यो गेटअप ठीक हो भन्ने लाग्यो ।' चितवनको प्रचण्ड गर्मीमा कोट लगाएर काम गर्न भने गाह्रो भएको उनको अनुभव छ ।

फिल्ममा बलरामको भूमिकामा रहेका विजय आफ्नो चरित्र लोकप्रिय हुनेमा आशावादी देखिन्छन् । तर, 'पूर्णबहादुरको सारङ्गी'को 'पूर्णे' क्यारेक्टर अत्याधिक रुचाइएकाले त्यसलाई उछिन्न भने सजिलो नहुने उनको भनाइ छ । भन्छन्, 'पूर्णे र बिकेको चरित्रबाट दर्शकले मलाई चिन्नुभयो । त्यो छविलाई भत्याएर अर्को सेट गर्न सहज भने छैन । तर, कहिलेकाँही सामान्य कुरा नै धेरै रुचाइन्छ ।'

भाइटीकोको दिन (कात्तिक ६ गते)बाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा दयाहाङ र विजयसँगै समृद्धि अर्याल, माओत्से गुरुङ, पशुपति राई, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी (पिके डन), रामबाबु रेग्मी, कमल देवकोटा, सन्तोष गिरी, विजया अधिकारी लगायतले पनि अभिनय गरेका छन् । सुरेन्द्र पौडेलको निर्देशनमा बनेको फिल्ममा उनी स्वयंको कथा तथा सम्पादन छ ।

# केराका थामबाटै आम्दानी गर्छन् मधेशका किसान

महोत्तरी/महोत्तरी सहितका मधेशका जिल्लाहरू पर्व कृषिमैत्री छन् । यहाँका धार्मिक, पारम्परिक र सांस्कृतिक पर्वका विधिमै कृषि उपजको महत्व जोडिएको छ । यहाँका पर्वमध्ये तिहार र छठमा त झन् थरिथरिका कृषि उपज पूजा सामग्रीमा प्रयोग हुन्छन् । यीमध्ये तिहारमा केरा फलमात्र नभएर कोथाहरू नै बिक्री हुने भएपछि यो खेतीका किसानलाई अतिरिक्त आर्जनको अवसर बन्दै आएको छ ।

तिहार र छठ दुवै पर्वमा केरा फल अनिवार्य चढाइने सामग्रीमा पर्छ । खासगरी छठमा त केराका घरी नै सूर्यदेवलाई अर्घ्य (अर्घ) दिँदा देखाइने चलनले पर्वभरि यसको माग निकै हुन्छ । तिहारमा लक्ष्मीपूजाका दिन त व्यापारिक प्रतिष्ठानले लक्ष्मी प्रवेशद्वार बनाउन केराका थामको प्रयोग गर्छन् । यो चलनले जिल्लाका मुख्य बजारमा केराका थामको बजार जम्दै आएको विगत छ । कतिपय व्रुयापारीले केही दिन पहिले नै थामबापतको अग्रिम रकम दिए पछि यो नगदले आफ्नो पर्वका सामग्री खरिदमा सहयोग पुगेको केराखेतीका किसान बताउँछन् ।

'मैले त थामबापत बैना रकम नै पाँच हजार लिइसकेको छु', भङ्गाहा-४ थारूटोल बनराका किसान रामधारीसिंह थारू भन्छन् । तिहारको यो अवसर आफहरूका लागि खनेर फालिने कोथाबाट रकम प्राप्त हुनेहुँदा यो बेला पर्खाइमा रहने गरेको उनले बताए ।

केराखेती गर्दा एक झ्याङमा तीनवटाभन्दा बढी कोथा बढ्न दिन नहुने किसानको अनुभव छ । 'एक झ्याङमा तीनभन्दा बढी कोथा भए घरी राम्रो लाग्दैन, कोसा राम्रा हुँदैनन्', अर्का किसान रामसुनर देवी राय भन्छन्, 'यो त बढी भएका कोथा हामीले मजदुर लगाएर उखालेर फाल्नुपर्थ्यो, तर यो बेला कोथा बिक्री हुने भएर यो अवसर हाम्रो पर्खाइमा पर्छ ।'

पर्वको यो अवसरले उखाल्न लाग्ने खर्चको बचतसँगै कोथा बिक्रीबाट प्राप्त हुने रकम पुरस्कारजस्तै हुने गरेको राय बताउँछन् । यसै मौकामा केराको गोडमेल हुने गरेको किसानको भनाइ छ । यसैले यी पर्वलाई किसान केराको अमृत बेला भन्ने गर्छन् । पर्वका बेला केराका घरीले राम्रो दाम पाउने र उखालेर फाल्नुपर्ने कोथा समेत बिक्री हुनुले यो खास अवसर रहँदै आएको किसानको भनाइ छ ।

वर्षभरिमा एउटा केराका झ्याङमा पाँचसातवटासम्म फाल्नुपर्ने कोथा निस्कने किसान बताउँछन् । यसबेला स्वागतद्वारका लागि व्यापारीले लग्ने कोथा जोडीको रु तीन सयसम्म पाइने गरेको किसानको भनाइ छ । आफूले कोथा बेचेर नै तिहारमा पछिल्ला तीन वर्षयता सालाखाला रु १० हजार पाएको भङ्गाहा-६ सग्रामपुरका सुवालाल राय यादव बताउँछन् । केराका थामको बजार लक्ष्मीपूजाको एक दिनअघिदेखि नै जम्ने गरेको छ । थामको स्वागतद्वार बनाउने चलन सहरबजार क्षेत्रमा भएको हुँदा जिल्लाका जलेश्वर, गौशाला, बर्दिबास, मटिहानी, रामगोपालपुर, मनरा र पिपरासहितका बजार क्षेत्रमा ठूलै मेला जम्छ ।

थहरूहट मधेश क्षेत्रमा तिहार र छठका अवसरमा स्वागतद्वार बनाउन प्रयोग गरिने थाम शुभफलदायी मानिन्छ । केराका थामको स्वागतद्वार बाट लक्ष्मी गृह प्रवेश गर्ने विश्वासले यसको महत्व बढेको संस्कृतिका जानकार बताउँछन् । वैदिक कालदेखिकै यो लोकसंस्कृतिको अङ्ग बन्दै आएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउँछन् ।

नेपालीहरूको सबैजसो चाडपर्वको अनिवार्य प्रसाद सामग्री बन्ने र स्वास्थ्यका लागि लाभदायी यो फल बजारमा बाह्रैमास बेचबिखन भए पनि यहाँ यसको खेती भने निकै कम छ । घरकरेसा बारीमा एकाध केराका बोट देखिए पनि यसको व्यावसायिकखेती भने दुई सय ८० हेक्टरमा मात्र भइरहेको कृषि ज्ञान केन्द्र कार्यालयले जनाएको छ । जिल्लामा केराखेतीका लागि अनुकूल हावापानी र माटो रहेको हुँदा किसानले यो खेतीमा तत्परता देखाए कार्यालयले प्राविधिक सहयोगसँगै उन्नत जातका बिरुवा सुलभ मूल्यमा उपलब्ध गराउन पहलकदमी लिनसक्ने कार्यालयका कृषिविज्ञ तथा सूचना अधिकारी अविरलकुमार महतो बताउँछन् ।

# अकबरे खुर्सानी खेतीबाट वार्षिक ५५ लाख आम्दानी

भोजपुर/भोजपुरको पौवादुङमा गाउँपालिका-५ सानोदुम्माका युवा ठंगजीत राईले व्यावसायिक खुर्सानीखेतीबाट वार्षिक रु ५५ लाख आम्दानी गर्दै आएका छन् । आफ्नै गाउँमा कृषिकर्मबाट उद्यमी बन्ने लक्ष्यका साथ उनले ४२ रोपनी क्षेत्रमा करिब ३२ हजार बोट खुर्सानीखेती गरेका हुन् ।

आफ्नै ठाउँमा कृषिकर्म गरेर उदाहरणीय बन्ने उद्देश्यले व्यावसायिक खुर्सानी खेतीमा जुटेको राईले बताए । करिब आठ वर्षअघिदेखि मौसमी र बेमौसमी दुवै प्रकारका खुर्सानीखेती गर्दै आएका उनी जिल्लाका परिचित खुर्सानी किसान हुन् । 'खुर्सानीखेतीबाट वार्षिक रु ५५ देखि रु ६० लाखसम्म आम्दानी गर्छु', किसान राईले भने, '४२ रोपनी जग्गा भाडामा लिएर ३२ हजार हाराहारी बोट लगाएको छु । गत वर्ष पनि रु ५० लाख बढी आम्दानी भएको थियो ।'

खुर्सानीखेतीका लागि उनले वार्षिक रु दुई लाख तिरेर ६५ रोपनी जग्गा भाडामा लिएको जानकारी दिए । यसवर्ष खेतीका लागि करिब रु १२ लाख लगानी गरेको जनाउँदै उनले युवामा विदेशप्रतिको मोह बढिरहेको समयमा आफूले भने आफ्नै बारीमा व्यावसायिक रूपमा कृषिकर्म गरिरहेको बताए ।

विभिन्न तीन ठाउँमा जग्गा व्यवस्थापन गरेर खेती गर्दै आउनुभएका राईले हाल चार जनालाई रोजगारीसमेत दिएका छन् । सडक पहुँच राम्रो भएकाले उत्पादन भएको खुर्सानी घरबाटै बिक्री गर्न सहज भएको उनको भनाइ छ ।

पौवादुङमामा उत्पादन भएको खुर्सानी धरान, इटहरी, विराटनगर, झापा र काठमाडौंसम्म बिक्रीका लागि पठाउने गरिएको गाउँपालिकाका उपाध्यक्ष ज्योत्सना राईले जानकारी दिए । उनका अनुसार खुर्सानीखेती अहिले पालिकाको मुख्य आम्दानीको स्रोत बनेको छ । किसानलाई व्यावसायिक योजनाका आधारमा सहयोगका कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिकाका अध्यक्ष किरण राईले बताए । 'अकबरे खुर्सानी हाम्रो गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत बनेको छ', उनले भने, 'हामीले कृषि क्षेत्रमा लगानी बढाउँदै भूगोल सुहाउँदो खेतीमा जोड दिइरहेका छौँ ।'

गाउँपालिकाले कृषि एम्बुलेन्स खरिद गरेर स्थानीय उत्पादनको बजारीकरणमा समेत सहयोग पुऱ्याउँदै आएको छ । खुर्सानीखेतीको विस्तारका लागि गत आर्थिक वर्षमा गाउँपालिकाले ७५० किसानलाई करिब रु ७० लाख बराबरको 'मल्चिङ प्लास्टिक'सहित आवश्यक कृषि सामग्री वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए ।

# 'परान' मेरो लागि ठूलो परीक्षा हो: नीर शाह

काठमाडौं/अभिनयमा पारंगत मानिने कलाकार नीर शाहले आफ्नो ६ दशक लामो करिअरमा लोभीदेखि दयालु, धनाड्यदेखि प्रहरीसम्मका विभिन्न भूमिकामा जीवन्त अभिनय गरेका छन् । अब उनी नयाँ फिल्म 'परान'मा बाबुको भूमिकामा देखिँदैछन् । भूमिका बुबाको भए पनि उनी फिल्मका मुख्य पात्र हुन् । अर्थात् कथाको केन्द्रमा नै उनी छन् । यो फिल्म कात्तिक १४ गतेबाट प्रदर्शनमा आउँदैछ ।

उनले 'परान'मा निभाएको धर्मनाथ पात्रको चरित्रलाई आफ्नो परीक्षाको रूपमा लिएका छन् । जीवनमा यसप्रकारको भूमिका पनि गर्नुपर्छ भनेर फिल्ममा जोडिएको उनको भनाइ छ । शनिबार फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने, 'यसप्रकारका अवसर बारम्बार प्राप्त हुँदैनन् । यसैले प्राप्त भएको अवसरलाई सदुपयोग गर्न सक्नुपर्छ, जुन आफ्नै लागि पनि ठूलो परीक्षा होस् ।'

उनले 'परान'मा धर्मनाथको चरित्र आफ्नो अगाडि परीक्षा बनेर उभिएको र त्यो परीक्षा निष्ठापूर्वक दिने प्रयास गरेको स्मरण गरे । 'कुनै पनि चरित्र गर्दा कलाकारले जुन मात्राको इमानदारिता र निष्ठाको प्रयोग गर्नुपर्छ, त्यो मैले यसमा प्रयोग गरेको छु । मेरो ६० वर्ष लामो अभिनय करिअरमा केही परियोजनाहरूलाई अत्यन्त गम्भीरताका साथ लिएँ । त्यसमा एक 'परान'



पनि हो,' शाहले भने ।

यो फिल्म आफ्नो लागि पाठशाला गएजस्तै भएको उनको अनुभव छ । फिल्मका कलाकारहरूले आफूलाई धेरै कुरा सिकाएको उनले बताए । यसमा उनीसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, महेश त्रिपाठी, प्रविण खतिवडा, अञ्जना बराइली लगायतको पनि अभिनय रहेको छ । दीपक आचार्यको निर्देशनमा बनेको फिल्ममा रञ्जित आचार्य र शेखर गोल्छा निर्मातामा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मुख्यमन्त्री बानियाँको सहयोगमा निर्मित घर मिठुमायालाई हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँको आर्थिक सहयोगमा मनहरी गाउँपालिका-९ ज्यामिरेकी विपन्न दलित महिला मिठुमाया सुनारका लागि निर्माण गरिएको घर आइतबार हस्तान्तरण गरिएको छ ।

मुख्यमन्त्रीमा नियुक्त भएपछि आफ्नो निर्वाचन क्षेत्रका विपन्न नागरिकका लागि घर निर्माण गर्ने घोषणा गरेका बानियाँले सोहीअनुसार पहिलो घर हस्तान्तरण गरेका हुन् । गाउँपालिकाको सिफारिसका आधारमा अत्यन्त विपन्न अवस्थामा रहेकी मिठुमायाको लागि मुख्यमन्त्री बानियाँले मुख्यमन्त्री भएबापत आफूले पाउने सेवासुविधा र व्यक्तिगत खर्चबाट चार लाख ६५ हजार रुपैयाँ खर्च गरी घर निर्माण गराएका थिए ।



५ धुर ऐलानी जग्गामा निर्माण गरिएको आरसीसी संरचनाको तीनकोठे घर सरकारी लागतअनुसार करिब सात लाखको लागतमा बन्ने अनुमान गरिएको थियो । घर हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री बानियाँले राजनीति समाज सेवाको माध्यम भएको उल्लेख गर्दै बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा प्रदेशभरिका एक हजार विपन्न नागरिकका लागि घर निर्माण गर्ने योजना अघि बढाएको जानकारी दिए । तीनवटा घर आफूले पाउने सेवासुविधाबाट निर्माण गरिएको बताउँदै बाँकी ९ सय ९७ घर प्रदेश सरकारले विधिपूर्वक प्रक्रियामार्फत निर्माण गर्ने मुख्यमन्त्रीले प्रतिबद्धता जनाएका छन् ।

उनले ती परिवारलाई आयआर्जनका लागि किस्ताबन्दीमा दुई लाख रुपैयाँसम्मको सहयोग उपलब्ध गराउने तयारी भइरहेको पनि बताए । मुख्यमन्त्री बानियाँले प्रदेश सरकार गरिबमुखी, गाउँमुखी, सेवामुखी, विकासमुखी, आयमुखी र न्यायमुखी बनाउने लक्ष्यसहित अघि बढिरहेको बताए । 'हामीले राजनीति गरेको मानवताका लागि हो । मान्छेको सेवा गर्नको लागि हो,' घर हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री बानियाँले भने, 'बीपीले भन्नुभए अनुसार गरिबलाई न्याय, गरिबलाई आयको सिद्दान्तमा हामी अघि बढिरहेका छौँ । गरिबमुखी, गाउँमुखी, विकासमुखी र जनमुखी काम गर्न हामी प्रतिबद्ध छौँ ।'

५ लाख रुपैयाँमा एउटा घर निर्माण सम्पन्न गर्दा एक हजार घर बनाउन ५० करोड र प्रतिपरिवार आय आर्जनमूलक कार्यक्रममा २ लाख ५० हजार खर्च गर्दा २५ करोड रुपैयाँ लगानी गर्दा एक हजार परिवारले आवासका साथै आयमूलक कामसमेत गर्नसक्ने मुख्यमन्त्री बानियाँको भनाइ छ । फरक प्रसंगमा मुख्यमन्त्री बानियाँले फागुन २१ मा तोकिएको निर्वाचनमा दल र जनतामा उत्साह जगाउने जिम्मेवारी संघीय सरकारको रहेको बताए । नेपाली कांग्रेस बागमती प्रदेश सभापति समेत रहेका बानियाँले जनतासँग सरकार उत्तरदायी रहनुपर्ने बताए । शान्तिसुरक्षाको जिम्मेवारी संघीय सरकारको रहेका भन्दै राजनीतिक दललाई निर्वाचनप्रति उत्साह जगाउनने वातावरण बनाउने जिम्मेवारी संघीय सरकारको रहेको उनले बताए ।

घर प्राप्त गरेपछि मिठुमाया सुनारले आफूले सोचेभन्दा राम्रो घर पाएकोमा खुशी व्यक्त गरिन् सात वर्षअघि श्रीमान्को मृत्यु भएपछि ज्याला, मजदुरी गरेर एक अपांग छोरा सहित छ जनाको परिवार पाल्दै आएकी मिठुमायाले ओत ढाक्ने छाना पाएकोमा खुशीको आँसु झार्दै भावुक भइन् । गरिबीकै कारण केही वर्षअघि मिठुमायाको पतिले आत्महत्या गरेपछि ६ जनाको परिवार बिचल्लीमा परेको थियो । बस्ने बासको नाममा झुप्रो घरमात्र थियो । विपन्न, दलित एकल महिलालाई सहारा दिने उद्देश्यले मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले घर निर्माणका लागि मुख्यमन्त्री बानियाँलाई सिफारिस गरेका थिए ।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले मिठुमायालाई जीविकोपार्जनका लागि बाख्रापालन गर्न २० हजार रुपैयाँ नगद सहयोग गरे । सहकारी तथा गरिबी निवारण मन्त्री विनु रायमाझीले भाँडाकुडा र खाद्यान्न सहयोग गरेकी थिइन् । कार्यक्रममा मुख्यमन्त्रीका सल्लाहकार तथा नेपाली कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, मनहरी गाउँपालिका अध्यक्ष कालाखेती, वडा नं. ९ का वडाध्यक्ष राजकुमार श्रेष्ठ, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलालगायतले मन्तव्य राखेका थिए ।

गत साउनमा मुख्यमन्त्री नियुक्त हुनेबित्तिकै बानियाँले आफूले राज्यका सेवासुविधा नलिने र प्राप्त सेवा सुविधाबाट विपन्न नागरिकको घर निर्माण गरिदिने प्रतिवद्धता जनाएका थिए । राक्सिराङ गाउँपालिका-१ इन्द्रुङका सुमनसिं चेपाङको अर्को घरसमेत द्रुतगतिमा निर्माण भइरहेको र कात्तिक महिनाभित्र सम्पन्न गरी हस्तान्तरण गरिने मुख्यमन्त्री बानियाँको सचिवालयले जनाएको छ । यस्तै कैलाश गाउँपालिका-४ धुस्राङका लालकुमार चेपाङको घर पनि बानियाँले निर्माण गराइरहेका छन् । ५० वर्षका लालकुमार केही समयदेखि जीर्ण अवस्थामा रहेको घरमा बस्दै आइरहेका थिए ।

# बागमती प्रदेशमा मन्त्रालयको संख्या घटाउने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ बागमती प्रदेशमा मन्त्रालय संख्या घटाउने तयारी गरिएको छ । प्रदेश सरकारका साझेदार दल नेपाली कांग्रेस र नेकपा एमाले मन्त्रालय संख्या घटाएर सातमा सीमित गर्न सहमत भएका छन् ।

२०७४ सालमा सात मन्त्रालयबाट काम प्रारम्भ गरेको बागमती सरकारले पछिल्ला वर्षहरुमा पटकपटक मन्त्रालय विभाजन गर्दै १४ पुऱ्याएको थियो । अब भने ७ वटा मन्त्रालय राख्ने गरी पुन संँरचनाको तयारी थालिएको हो ।

गत असोज २४ गते हेटौंडामा बसेको कांग्रेस र एमाले संसदीय दलको संयुक्त बैठकमा मन्त्रालय संख्या हेर फेरको प्रस्ताव अघि आएको थियो । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार बैठकमा प्रशासनिक पुनर्संरचना र मन्त्रालय संख्यामा कटौतीबारे विस्तृत छलफल भएको थियो । एमाले संसदीय दलले सात मन्त्रालय कायम गर्नुपर्ने निर्णय गर्दै यो प्रस्ताव संयुक्त बैठकमा प्रस्तुत गरेको एमाले सांसद आनन्द श्रेष्ठले जानकारी दिए । उनकाअनुसार कांग्रेस पनि यो प्रस्तावप्रति सकारात्मक छ ।

मन्त्रालय संरचना समायोजनका लागि गठित उच्चस्तरीय प्रशासनिक पुनर्संरचना अध्ययन समितिले काम सुरु गरिसकेको छ । गत असोज ३ गते बसेको मन्त्रिपरिषद् बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिमा आर्थिक मामिला मन्त्री प्रभात तामाङ, वनमन्त्री भरत केसी, उद्योग मन्त्री विन्दु श्रेष्ठ र सचिवहरु सदस्य छन् । संयोजक पौडेलका अनुसार समितिले सबै मन्त्रालयबाट विवरण संकलन गर्दै विज्ञ टोलीसँग छलफल गरेर प्रतिवेदन तयार पार्दैछ । प्रतिवेदनका आधारमा अन्तिम निर्णय हुने आर्थिक मामिला मन्त्री तामाङले जनाए ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ पनि मन्त्रालय संख्या घटाउने पक्षमा छन् । उनले पदभारग्रहण गरेदेखि नै प्रशासनिक संरचना सुदृढीकरण र खर्च कटौतीको तयारी थालेका छन् । प्रदेशसभा प्रतिनिधित्व गर्ने प्रमुख दलहरुको सर्वदलीय बैठकले पनि अनावश्यक संरचना खारेज गरी आवश्यकताअनुसार मन्त्रालय संख्या पुनरावलोकन गर्ने सहमति जनाएको छ ।

सात वर्षको अवधिमा बागमतीमा मन्त्रालय संख्या सातबाट दोब्बर हुँदै १४ पुगेको थियो । प्रदेश सरकार स्थापना पछिका विभिन्न मुख्यमन्त्रीहरुले सत्ता सन्तुलन र भागबण्डाका कारण पटकपटक मन्त्रालय फुटाउँदै गएका थिए । अब भने आठ वर्षपछि पुनः सुरुवातजस्तै संरचनामा फर्किने तयारी गरिएको हो ।

# थाहाको बिसिङखेलमा चम्पकेश्वर महादेवको जात्रा मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ मकवानपुरको थाहा नगरपालिका-१० बिसिङखेलमा शुक्रबार भव्यरुपमा चम्पाकेश्वर महादेवको जात्रा मनाइएको छ ।



हरेक वर्ष कात्तिक १ गते हुने जात्रालाई स्थानीयले 'अम्बेजात्रा' भनेर मान्दछन् । चित्लाङका प्रमुख चारगाँउका ऐतिहासिक गोपाली जातिले दशैंभन्दा प्राथमिकता दिएर मनाउने प्रचलन रहेको चम्पाकेश्वर महादेवको जात्रा सम्पन्न गरेका छन् । चित्लाङको न्हुँलगाँउ, टौखेल, कलाँटु र अम्बुटोलका बासिन्दाले परम्परागत विधिपूर्वक अम्बेजात्रा मनाउने परम्परा रहेको छ । धार्मिकग्रन्थ रामायणको पात्र वाणासुरको कथासँग चम्पकेश्वर महादेवको उत्पत्तिको प्रसङ्ग जोडिएकोले चम्पकेश्वर महादेवको उत्पत्ति आदिकालमै भएको दाबी छ । गोपाली जातिको बाहुल्यता रहेको यो क्षेत्रमा नाच र जात्रा चलाउन गुठीको ब्यवस्था गरिएको छ ।

मन्दिरजजिकै पूर्वतर्फ नियमित बग्ने खोला छ । त्यही खोलाबाट १ सय ८ घैला पानी ल्याएर महादेवको मुकुट नुहाएपछि मात्र पूजा आरम्भ हुन्छ । महादेव नुहाइसकुन्जेल भक्तजन पर्खेर बस्छन् । मन्दिरमा पुख्यौंली घर पाटन रहेका राजोपाध्याय खलकका पूजारी छन् । यसभेगमा पानी नपरेमा पानी माग्न र गाईवस्तुको रक्षाको लागि चम्पकेश्वर महादेवलाई पुज्ने गरेको बताइन्छ । प्रत्येकवर्ष जात्रामा विशेष पूजाका लागि चम्पकेश्वर महादेवलाई संकल्प गरेर जाँड र एकपटक मात्र कुटेको चिउरा तयार गरिन्छ । यसलाई स्थानीय बासिन्दा 'ककबजी' भन्छन् । जाँड कार्तिक १ गतेभन्दा आठदिन अघि राखिन्छ । जाँड र चिउरा टौखेलबाट नोल लगाएर मन्दिर परिसर पुऱ्याउने चलन छ । बाजागाजा र नाचगानसहित मन्दिर परिसर पुऱ्याइएको जाँड र ककबजी मन्दिरछेवैको चम्पकेश्वर प्राविको चौरमा पुगेर बिसाउने चलन छ ।

त्यतिबेला गाउँका सबै त्यहीँ पुग्छन् र चम्पकेश्वरलाई संकल्प गरेर लगिएको जाँड र चिउरा छर्केर चढाइसकेपछि त्यसैलाई सबैले प्रसादको रुपमा खाने गर्दछन् । 'पहिलेपहिले गुठीयारहरु चौरमै बसेर प्रसाद खाने चलन थियो' स्थानीय अक्षय गोपालीले भने-'अहिले सबैजना प्रसादग्रहणका लागि मन्दिर परिसर पुगेनन् भने टोलका ज्येष्ठसदस्य मार्फत् घरैमा पठाइन्छ ।' १ कार्तिकको मेला अर्थात पूजाको लागि स्थानीय एक साताबाटै घरमा चोखोनितो गर्ने परम्परा छ । उनीहरु पूजाका लागि आठ दिनअघि जाँड राखेपछि मासु खानेको त कुरै छाडौं छुँदै छुँदैनन् । तर, माछा भने भान्छामा चलाउँछन् ।

कार्तिक १ गते चम्पाकेश्वर मेलामा परम्परागत नाचहरु प्रदर्शन गरिन्छ । मन्दिर परिसरको खटमा नेवारी बाजाकै तालमा नाचगान हुन्छ । काठको लठी ठोकाठोक गरेर टाउकोमा पगरी र पगरीभरि फूल सिउरेर स्थानीय गोपालीले घर बुना खेसका कपडा लगाएर नाच देखाउने चलन रहेको छ । नाचलाई स्थानीय भाषामा 'वाक प्याखँ' भनिन्छ । दिनभरको पूजा सकिएपछि पनि मन्दिरनजिकैको गाउँ टौखेलमा रातभर पूजाआजासहित देउता नचाउने चलन छ । २ कार्तिक विहान सबै पूजा सकेर एकवर्षका लागि देउता थन्क्याउने चलन रहेको स्थानीय बिराजन बस्नेतले जानकारी दिए ।

चम्पाकेश्वर मन्दिरमा वर्षको २ पटक मात्र चारवटै ढोका खुलाउने पुरानो चलन रहेको बस्नेतको भनाइ छ । उनले भने 'शिवरात्रि र कार्तिक १ गते मात्र मन्दिरको सबै ढोका खुल्छ नत्र अरु बेलामा पश्चिम ढोका मात्र खुल्छ ।'

यसवर्षको १ कार्तिकको चम्पकेश्वर जात्रामा स्थानीयले भाकल पूजा, नियमित पूजा तथा लाखबत्ती बाल्ने काम गरेका थिए । प्रमुखतः थाहा नगरपालिका सहित मकवानपुर, धादिङ र काठमाडौं उपत्यकाबाट पूजापाठका लागि भक्तजन मन्दिर पुगेका थिए ।

# मनहरीका गोपीराम प्रजा भरुवा बन्दुकसहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ मकवानपुरको मनहरी गाउँपालिका-६ हङलङ बस्ने ४७ वर्षीय गोपीराम प्रजालाई भरुवा बन्दुक २ थानसहित प्रहरीले पक्राउ गरेको छ ।

शुक्रबार राति अवैध लागूऔषध गाँजा करिब २ किलोग्राम र जनावरको जस्तो देखिने हठ्ठीको टुक्रा ९ थान समेत निजको साथबाट प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय मनहरी र प्रहरीचौकी सुनाचुरीबाट खटिएको प्रहरीले प्रजाको घरनजिकै करेसा बारीमा रहेको कर्कलोघारीमा लुकाईछिपाई राखेको बन्दुक तथा लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

यस्तै हुम्ला, सिमकोट गाउँपालिका-७ चुकेडीभिर भन्ने स्थानबाट भरुवा बन्दुक २ थान सहित २ जनालाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरु सोही गाउँपालिका-७ डाँडाफाया बस्ने ६८ वर्षीय अंगबहादुर शाही र ६३ वर्षीय लोकबहादुर शाही रहेका छन् । इलाका प्रहरी कार्यालय मुचुबाट खटिएको प्रहरीले उनीहरुलाई बन्दुक सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम ४० प्रतिशत सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २ कात्तिक/ चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम ४० प्रतिशत सम्पन्न भएको छ ।



भरतपुर महानगरपालिकाले प्रदेश र संघीय सरकारको सहयोगमा रंगशाला निर्माण गरिरहेको हो । भरतपुर महानगरका इन्जिनियर घनश्याम मिश्रका अनुसार अहिले प्यारापिट र दुईवटै टावरको दोस्रोतलाको काम भइरहेको छ । प्यारापिट र टावरमा फर्मा र डन्डी बाँध्ने काम भइरहेको जनाउँदै उनले टावरको पर्खाल निर्माण गर्ने काम भइरहेको बताए । धुर्मुस-सुन्तली फाउन्डेशनले काम गर्न नसकेपछि महानगरलाई यो परियोजना पालिकामा हस्तान्तरण भएको थियो । हिमालयन कालिञ्चोक बीबीआर जेभीले रंगशाला निर्माणको जिम्मा पाएको हो ।

२०८३ सालको पुस २२ गतेसम्ममा रंगशाला निर्माण सम्पन्न गर्नेगरी ७८ करोड ५० लाख ९१ हजार एक सय ८९ रुपैयाँमा ठेक्का लगाएको महानगरले जनाएको छ । पहिलोचरणको काम सम्पन्न भएपछि अन्तर्राष्ट्रियस्तरका खेल आयोजना गर्न सकिनेछ । पहिलोचरणमा १५ हजार जना दर्शक अट्ने प्यारापिट, दुईवटा भीआईपी टावर, मैदानसहित पाँचवटा पिच, ड्रेनेज अर्थात् पानी निकास, रेलिङ, बाटो, पार्किङक्षेत्र निर्माण गरिने महानगरका इन्जिनियर मिश्रले जानकारी दिए । उनकाअनुसार थप क्षमताका लागि दोस्रोचरणमा काम गरिनेछ । त्रिभुवन विश्वविद्यालयको नाममा रहेर कृषि तथा वनविज्ञान विश्व विद्यालयले उपयोग गरिरहेको २१ बिघा जमिनमा रंगशाला निर्माण भइरहेको हो । यो भरतपुर महानगर पालिका-१५ मा पर्दछ ।


## हेटौंडा जनप्रिय क्याम्पस

हेटौडा-१६, मकवानपुर

## हेटौंडा जनप्रिय क्याम्पस, हेटौंडाको क्याम्पस प्रमुख नियुक्तिका लागि आवेदन पेस गर्नेसम्बन्धी सूचना !

पहिलो पटक प्रकाशित मिति: २०८२/०७/०२

हेटौंडा जनप्रिय क्याम्पसको क्याम्पस प्रमुख नियुक्तिका लागि तपसिल बमोजिमको योग्यता पुगेकायोग्य उम्मेदवारहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा हेटौंडा जनप्रिय क्याम्पस, हेटौडा-१६ को कार्यालयमा आवश्यक कागजातसहित निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनोट प्रक्रियामा समावेश गरिने छैन । क्याम्पस प्रमुख छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२ क्याम्पसको कार्यालय वा क्याम्पसको वेभसाइट hjc.edu.np बाट डाउनलोड गर्न सकिनेछ ।

**तपशिल**

**उम्मेदवारले पेस गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू**

१. अनुसूची-२ बमोजिमको निवेदन (वेभसाइटबाट)
२. वैयक्तिक विवरण
३. क्याम्पसको व्यावसायिक कार्ययोजना (क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० र कार्यविधि अनुसार क्याम्पसको विकास गर्ने व्यावसायिक कार्ययोजना कम्तिमा २५०० देखि बढीमा ३००० शब्द सम्म) ।
४. कार्य योजनाको प्रस्तुतीकरणको Power point File ।

**अ. व्यावसायिक कार्ययोजनामा समावेश हुनुपर्ने बुँदाहरूः**

क्याम्पसको वर्तमान अवस्थाको विश्लेषण, गुणस्तरीय शिक्षा प्रवर्द्धन योजना, पूर्वाधार विकास, विद्यार्थी विकास र सहभागिता, अनुसन्धान र प्रकाशन, संस्थागत सुशासन, दिगो विकास ।

**कार्ययोजनाका साथ पेश गर्नुपर्ने कागजातहरू**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि । विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए सम्वन्धित निकायको समकक्षता प्रमाण पत्रको प्रतिलिपि ।
ग. ३० वर्ष उमेर पूरा भई ५८ वर्ष ननाघेको खुल्ने कागजातको प्रतिलिपि ।
घ. व्यवस्थापन, प्रशासनिक, बिज्ञानवा शिक्षाको क्षेत्रमा स्नातकोत्तर गरी कम्तिमा पाँच वर्षको कार्य अनुभवका सम्बन्धमा सम्बन्धित संस्थाबाट अनुभव खुलेको प्रमाणित कागजातको प्रतिलिपि नियुक्ति पत्रको प्रतिलिपि) ।
ङ. कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व घोषणा पत्र (कुनै कानुनले अयोग्य नठहरिएको भनी उल्लेख गर्ने)।
च. महिला/पुरुषको हकमा हेटौंडा उपमहानगरपालिकाभित्र स्थायी बसोवास भएमा सोको प्रमाण ।
छ. बागमती प्रदेशमा स्थायी बसोबास गरेको भए सोको प्रमाण ।

**क्याम्पस प्रमुख छनोट तथा सिफारिस समिति**



## इन्द्रसरोवर गाउँपालिका भएर बग्ने कुलेखानी खोलाका विभिन्न घाटहरु (शेरा बगर क्षेत्र) बाट नदिजन्द पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/संकलन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार सम्बन्धी

## सार्वजनिक सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/०२)

बागमती प्रदेश, मकवानपुर जिल्ला, इन्द्रसरोवर गाउँपालिकाद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | इन्द्रसरोवर गाउँपालिका, कुलेखानी, मकवानपुर |
| प्रस्तावको व्यहोरा | इन्द्रसरोवर गाउँपालिका भएर बग्ने कुलेखानी खोलाका विभिन्न घाटहरु (शेरा बगर)बाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/संकलन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | मकवानपुर जिल्ला, इन्द्रसरोवर गाउँपालिका वडा नं. १ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजि प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघसंस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गरे दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगानाहरूः**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नाम: इन्द्रसरोवर गाउँपालिका<br>ठेगाना: कुलेखानी, इन्द्रसरोवर-२, मकवानपुर जिल्ला, बागमती प्रदेश<br>फोन नं.: ९८४७२१६००५<br>इमेल: suchanaadhikari@indrasarowarmun.gov.np, info.indrasarowar@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नाम: ग्रीन डेल्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.<br>ठेगाना: थापागाउँ, बानेश्वर, काठमाडौं<br>फोन नं: ९८५७८३३१४०<br>इमेल: greendelta@gmail.com |


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना